काठेखोला गाउँपालिका

आ.व.२०७८/०७९ को

नवौं गाउँसभा-२०७८/०७९

उपाध्यक्ष श्री अर्जुन बहादुर खत्री ज्युद्वारा प्रस्तुत गरिएको

बार्षिक बजेट तथा कार्यक्रम

नवौं गाउँ सभाका सभाअध्यक्ष महोदय,

एवम उपस्थित गाउँसभा सदस्यहरु,

१. बिश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ कोरोना भाइरसको संक्रमणका कारण सिर्जित यो बिशम र भयाबह अवस्थाबाट हाम्रा नागरिकहरुहरुलाई सुरक्षित गर्दै गाउँपालिकाको विकास, परिवर्तन र सेवा प्रवाहलाई थप निरन्तरता दिने प्रणका साथ समग्र काठेखोला गाउँपालिकाको अर्थतन्त्रलाई अझै मजवुद र गतिशिलता प्रदान गर्ने मुख्य ध्ययका साथ काठेखोला गाउँपालिकाको आ.व.२०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु ।

२. सर्बप्रथम नेपालको बिभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरु तथा देशमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको खातिर २०६२/०६३ को जनआन्दोलनमा आफ्नो जीवनको प्राण आहुति गर्नुहुने अमर वीर सहिदहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. बिश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ कोरोना भाइरसबाट ज्यान गुमाउनु भएका ब्यक्तिहरु प्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दै संक्रमित ब्यक्तिहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । साथै कोभिड-१९ कोरोना भाईरसको कारण यस गाउँपालिका लगायत स्वदेश तथा विदेशमा ज्यान गुमाउनुहने दिदिवहिनी तथा दाजुभाईहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछु । यस भाइरसबाट संक्रमित भई अस्पताल, आइसुलेशन र होम क्वारेन्टाईनमा उपचारत दिदीवहिनी तथा दाजुभाईहरु प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही मौलिक हक र कर्तब्य सम्बन्धी संवैधानिक ब्यवस्थाको कार्यन्वयन गर्न काठेखोला गाउँपालिका सदा प्रतिबद्ध रही आएको छ । काठेखोला गाउँपालिका जनभावना, जनआकांक्षा र आवस्यकताको आधारमा नागरिकको जीवनस्तरमा सुधार ल्याउन, विकास र समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ ।

५. भौगोलिक बिविधता, प्राकृतिक सुन्दरता सहितको बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक बिशेषतायुक्त यस काठेखोला गाउँपालिकालाई सद्भाव र सह-अस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्दै नमुना गाउँपालिका रुपमा विकास गर्न निरन्तर लागी परेको छ । काठेखोलाबासी जनताको चाहाना, बिकास प्रतिको मोह र परिवर्तन प्रतिको आकांक्षालाई पुरा गर्न अनि सेवा प्रवाहमा सहजता प्रदान गर्न सिंगो काठेखोला गाउँपालिका निरन्तर यात्रामा यात्रारत छ ।

६. हाम्रा नीति, कार्यक्रम तथा बजेट जनतालाई कसरी अधिकार सम्पन्न गराउन सकिन्छ, जनतालाई कसरी आर्थीक समृद्धितिर उन्मुख गराउन सकिन्छ, हाम्रा विकासले जनतालाई कसरी सहजता प्रदान गर्न सकिन्छ अनि कसरी समाज रुपान्तरणको दिशामा डोर्याउन सकिन्छ त्यतैतिर केन्द्रित छन । सुरुवाती बर्ष देखि नै सञ्चालन गरिएका हाम्रा समग्र कार्यक्रम तथा योजनाहरु त्यसको ज्वलन्त उदारहण हुन ।

७. संघ, प्रदेश र स्थानीय तह बिचको सहकार्य, सहअस्तित्व र समन्वयलाई अवलम्बन गर्दै जनसहभागीता, उत्तरदायित्व, पारदरशिता सुनिस्चित गरि सुलभ र गुणस्तरिय सेवा प्रवाह गरि यतिवेला सिहंदरबार गाउँमै आएको जनतालाई आभाष दिलाउनु पर्ने अवसर, दायित्व र चुनौति हामी माझ आएको छ ।

आदरणीय अध्यक्ष महोदय एवम गाउँसभा सदस्य ज्युहरु ।

८. समृद्धि र विकासको यात्रामा निरन्तर यात्रारत काठेखोला गाउँपालिकाको यस गरिमामय नवौं गाउँसभामा कोभिड-१९ कोरोना भाइरसबाट सिर्जित बिश्वब्यापी महामारीले सिर्जना गरेको चुनौतिपुर्ण परिस्थिति र बन्दाबन्दी बिच पनि नेपालको संविधान बमोजिम गठित स्थानीय सरकार अन्तरगत यस काठेखोला गाउँपलिकाको आ.व.२०७८/०७९ को बजेट प्रस्तुत गर्न पाउदा म आफु निकै गौरवान्बित भएको महसुस गरेको छु ।

९ .आगामी आ.व.को बजेत तर्जुमा गर्दा मैले यो बर्ष सम्म हाँसिल भएका उपलब्धीहरु संस्थागत गर्दै जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतिबाट हाम्रा नागरिकहरुले खोजेको सेवा, चाहेको विकास र रुपान्तरित समतामुलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुदै समाजबाद उन्मुख राष्ट्र सहितको नमुना गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।

१०. बजेट तर्जुमा गर्दा मैले मुलत: नेपालको संविधान र कानुनहरु, संघिय सरकार र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट बक्तब्य, काठेखोला गाउँपालिकाको अध्यक्ष ज्युद्धारा प्रस्तुत नीति तथा कार्यक्रम, बिनियोजन बिधेयक-२०७८ को सिद्धान्त र प्राथमिकतामा निर्मित बिविध कानुनहरु, गाउँपालिकाको निर्णयहरु तथा दिगो विकास लक्षलाई मुख्य आधार बनाएको छु । साथै राजनैतिक दल, बिभिन्न क्षेत्रका बिज्ञ ब्यक्तिहरु र बिभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएका महत्वपुर्ण सुझाबहरुलाई समेत बजेट निर्माण गर्दा बिशेष ध्यान दिएको छु ।

अध्यक्ष महोदय एवम उपस्थित गाउँसभा सदस्य ज्युहरु । अब म आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेटमा संबोधन गरिएको बजेटको केही सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११. झन भन्दा झन महामारीको रुपमा फैलिदै गहिरहेको कोभिड-१९ कोरोना भाईरसको रोकथाम, नियन्त्रण र सम्पुर्ण ब्यवस्थापनका लागि यस बर्षको बजेटमा बिशेष ध्यान पुराएको छु । यो भाइरस नियन्त्रणका लागि अग्रपंक्तिमा रहेर सेवा प्रवाह गरिरहेका स्वास्थ्यकर्मीहरुको मनोवल बढाउनका लागि पनि बजेटमा बिशेष प्राथमिकता दिएको छु । साथै यस भाईरसका कारण बेरोजगार युवाहरुलाई रोजगारी सिर्जना गर्न पनि बजेटमा उत्तिकै ध्यान दिएको छु ।

१२. कोभिड १९ कोरोना भाइरस संक्रमणका कारण ज्यान गुमाउनुहुने ब्यक्तिको परिवारका लागि प्रति परिवार रु.२०,०००। अक्षेरुपी बिस हजार रुपैयाको दरले राहत उपलब्ध गराउने गरि बजेट ब्यवस्था गरेको छु । साथै सोही भाइरसकै कारण मृत्यु हुने मृतकको परिवारका छात्र एवम छात्राहरुका लागि

अध्ययन कार्यमा सहजता र राहत होस भन्ने अभिप्रायले छात्रबृति प्रदान गर्ने सोचका साथ "***कोभिड बिपदमा गाउँपालिका अध्यक्षको राहत"*** कार्यक्रम सञ्चालन गरिनेछ र उक्त कार्यक्रमको लागि आवस्यक बजेट बिनियोजन गरेको छु ।

१३. हामीले हाम्रो सुरुवाती बर्ष देखि नै उच्च प्रथामिकताका साथ सञ्चालन गर्दै आएका गाउँपालिका भित्रका हरेक वार्डका गौरब र पहिचानका योजना तथा पहिचानका कार्यक्रमहरुलाई पुर्णता प्रदान गर्न उत्तिकै ध्यान पुराई बजेटमा प्राथमिकता दिएको छु ।

१४. गाउँपालिका भित्र सञ्चालन हुने यातायात सेवालाई बाह्रै महिना सञ्चालनका लागि सहज होस भन्ने उदेश्यले सडक मर्मत सम्भार एवम स्नरोन्नतीका लागि आवस्यक बजेट बिनियोजन गरेको छु ।

१५ .हामीले अंगाल्दै आएको परम्परागत कृषि प्रणालीलाई यान्त्रीकरण गर्ने, पशु व्यवसायमा नस्ल सुधार, बेरोजगार तथा रोजगारी गुमाएकाहरुलाई रोजगारी सिर्जना गर्ने, एक घर, एक करेसावारीको अवधारण अनुरुप विउ विजनका मिनिकिट वितरण गर्ने जस्ता कृषिजन्य कार्यक्रमलाई बिशेष प्राथमिकता दिई आवस्यक बजेटको ब्यवस्था गरेको छु ।

१६. केही दातृ निकायहरु संगको सहकार्य र समन्वयमा साझेदारितामा आधारित कृषि तथा पशुपालन कार्यक्रम सञ्चालनका लागि पनि आवस्यक बजेट बिनियोजन गरेको छु । त्यसै गरि सामुदायिक वन मार्फत दिगो वन व्यवस्थापन, जिविकोपार्जनमा सहयोग पुग्ने खालका साझेदारितामा आधारित कार्यक्रममा पनि उत्तिकै महत्व दिइ उचित बजेटको ब्यवस्थ मिलाएको छु ।

१७. गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुका सञ्चालक एवम कर्मचारीहरुको क्षमता विकास गरि आम नागरिकहरुलाई सहकारीमा आवद्ध गराई उत्पादनमा जोड्ने उदेश्यका साथ सहकारी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवस्यक बजेट ब्यवस्था गरेको छु ।

१८. सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा ध्यान दिदै विभिन्न किसिमका छात्रवृति कोषको स्थापना, बिद्यार्थी छात्रवृतिको व्यवस्था, लगायत शिक्षण सिकाईका प्रविधिमैत्री नविनतम अवधारणा सहित अभिमुखिकरण तथा क्षमता विकास जस्ता तालीमहरु सञ्चालनका लागि आवस्यक बजेट ब्यवस्था गरेको छु । पालिका भित्र रहेका दुईवटा क्याम्पसको भौतिक अवस्थालाई सुधार गर्न बिशेष ध्यान दिई आवस्यक बजेट समेत ब्यवस्था गरेको छु । वाल विकासका सहयोगी, सामुदायिक विद्यालयका कर्मचारी तथा कार्यालय सहयोगीका लागि मासिक तलव भत्तामा केहि रकम थप हुनेगरि बजेट बिनियोजन गरेको छु

१९. नवजात शिशु र गर्भवति महिलाहरुको स्वास्थ्यलाई बिशेष ध्यानमा राखी बिगत केही बर्ष अगाडी देखि नै सञ्चालनमा आएको आमा सुरक्षा कार्यक्रम अन्तरगत सञ्चालन गरिरएको पोषणयुक्त खाद्य सामाग्री बितरण कार्यक्रम र महिला स्वास्थ्य स्वयमसेविका मोबाइल कार्यक्रम निकै प्रभावकारी रहेकोले उक्त कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिई आवस्यक बजेट ब्यवस्था गरेको छु । साथै स्वास्थ्य स्वयमसेविकाहरुका लागि स्वास्थ्य स्वयमसेविका प्रोत्साहन कार्यक्रम, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, एबम बाल तथा शिशु स्वास्थ्य लगायत सेवाको बारेमा जनचेतना अभिबृद्धि गर्ने खालका रचनात्मक कार्यक्रम सञ्चालनका लागि पनि बिशेष प्राथमिकता दिई बजेट ब्यवस्था मिलाएको छु ।

२०. लैंगिक समानता, सामाजिक समावेशी अन्तरगत महिला, दलित, जनजाती, बालबालिका, जेष्ठ नागरिक, तथा बिपन्न बर्गहरुको शसक्तिकरण एवम आयआर्जनका लागि उनिहरुको सीप, क्षमता र

दक्षताको विकास गर्दै आ-आफ्नो पेशा, ब्यवसायलाई थप ब्यवस्थित गर्न आवस्यक बजेटको ब्यवस्था मिलाएको छु । साथै यस गाउँपालिकाका भित्र रहेका १४०५ जना वृद्धबद्धाहरुको निशूल्क स्वास्थ्य परिक्षणका लागि शिवीर संचालनार्थ पनि उचित बजेटको ब्यवस्था गरेको छु ।

२१. गाउँपालिका स्तरिय **"कला, संस्कृति तथा खेलकुद विकास समिति "** मार्फत गाउँपालिका भित्र रहेका विभिन्न मेला, पर्व, महोत्सव, खेलकुद, स्थानिय कला, साहित्य र संस्कृति एवं परम्परालाई जोगाउन खेलकुद तथा साहित्य, कला, संस्कृति संरक्षण, संमर्द्धन एवम प्रवर्द्धनका लागि आवस्यक बजेट बिनियोजन गरेको छु ।

२२. गाउँपालिकाको सम्पुर्ण सेवा प्रवाहका कामहरुलाई अनलाईन मार्फत सञ्चालन गर्न कर्मचारीहरुमा सुचना प्रविधि अन्तरगतका क्षमता अभिबृद्धि, गरि सुसासन र सेवा प्रवाहलाई थप प्रविधिमैत्री र जनमुखी बनाउन बिभिन्न तालीम, अभिमुखीकरण र गोष्ठीहरु सञ्चालनका लागि आवस्यक बजेट बिनियोजन गरेको छु ।

२३. समग्र गाउँपालिकाको बिबिध क्षेत्रको तथ्यगत बिबरण सहितको हामीले यो अवधिमा प्राप्त गरेका बिकासका उपब्धीहरु र स्थानीय पर्यटन, संस्कृति र समग्र गाउँपालिकाको पहिचान झल्किने काठेखोला गाउँपालिकाको बस्तुगत बिवरण र समग्र गाउँपालिकाको भिडीयो डकुमेन्ट्री निर्माणका लागि पनि आवस्यक बजेट ब्यवस्था गरेको छु ।

सभाअध्यक्ष ज्यु

अव म आर्थिक बर्ष २०७६/०७७ को यथार्थ खर्च र २०७७/०७८ को संसोधितअनुमान र २०७८/०७९ को अनुमानितआयब्ययविबरण यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क्र.सं.	***आ.व.***	***चालु खर्च***	***पुजीगतखर्च***	***जम्माखर्च***	***कै.***
१	२०७६/०७७ को यथार्थ खर्च	२८५८५५१७९	१३६८८०९७९	४२२७३६१५८	
२	२०७७/०७८ को संशोधित अनुमान	३६०२५४२१८	१९२१४७०००	५५२४०१२१८	
३	२०७८/०७९ को अनुमानित ब्यय	३६५००००००	१६८११४०००।	५३३११४०००।	

यस काठेखोलागाउँपालिकाको आ.व.२०७८/०७९ को अनुमानित बार्षिक आय बिबरण देहाय बमोजिम रहेको छ ।

क्र.सं.	***श्रोत***	***रकम रु.***	***कै.***
१	संघबाट बित्तिय समानिकरण अनुदान	१० करोड ६०लाख	
२	संघिय सरकार ससर्त चालु अनुदान	२७ करोड ८३लख	
३	प्रदेश सरकार बित्तिय समानिकरण अनुदान	१ करोड २२ लाख७७हजार	
४	प्रदेश सरकार राजस्व बाँडफाँड अनुदान	५१लाख४६ हजार	
५	गाउँपालिकाको आन्तरिक आय	३२ लाख	
६	संघिय सरकार समपुरक अनुदान	१ करोड ३७लाख	
७	संघिय सरकार राजस्व बाँडफाँड	*७ करोड १६लाख ९१हजार*	
८	*संघिय सरकार बिशेष अनुदान*	*१ करोड ७८लाख*	
९	*प्रदेश सरकार विशेष अनुदान*	*५० लाख*	

१०	*प्रदेश सरकार समपुरक अनुदान*	*५० लाख*	
११	*संचित कोषबाट अ.ल्या.हुने अनुमानित*	*१ करोड ५० लाख*	
	जम्मा	***५३ करोड ३१लाख १४ हजार रुपैयाँमात्र***	

सभाअध्यक्ष ज्यु

काठेखोला गाउँपालिकाको आगामी आ.व.२०७८/०७९ को अनुमानित कुल आय ५३ करोड ३१लाख चौध हजार रुपैयाँ मध्य देहाय बमोजिम खर्च हुने गरि बिनियोजन गरिएको छ । जसमध्य संघिय सरकारबाट प्राप्त सर्सत अनुदानका कार्यक्रमहरु देहाय बमोजिम रहेका छन ।

कृषि तथा पशु तर्फ .....६५ लाख
उद्योग तर्फ २९ लाख
उर्जा तर्फ ..... .८ लाख
शिक्षा तर्फ.....२० करोड ५० लाख
स्वास्थ्य तर्फ.....३ करोड ८० लाख
लैंगिक समानतातथा सामाजिक समावेशिकरण तर्फ.....१ लाख
युवा तथा खेलकुदतर्फ .....११ लाख
सामाजिक सुरक्षा तथा संरक्षण तर्फ.....१ करोड २८ लाख
शान्ति तथा सुब्यवस्था तर्फ.....२५ लाख
झोलुंगे पुल तर्फ.....४१ लाख
पर्यटन पुर्वाधार तर्फ १२ लाख
भवन तथा आवास सहरी बिकास तर्फ ३३ लाख
जम्मा ***२७ करोड ८३ लाख***

अव म उपरोक्त बमोजिम आयको आधारमा आगामी आ.व.को प्रस्तावित व्ययबिबरण पेश गर्दछु ।

क्र.सं.	***बिबरण***	***प्रस्तावित बजेट***	***कैफियत***
१	सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण)	१ करोढ ५५ लाख ८९ हजार	
२	पुर्वाधार विकास (सडक तथा पुल, सिचाई, भवन तथा सहरी विकास, उर्जा, लघु जलबिद्युत र सञ्चार)	३ करोड ११ लाख७८हजार	
३	वनवातावरण तथा विपद व्यवस्थान (वन तथा भु संरक्षण, जलाधार, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप, विपद व्यवस्थापन, वारुणयन्त्र सञ्चालन)	३५ लाख ९७ हजार	
४	सुशासन तथा संस्थागतविकास (मानवविकास, क्षमताविकास, राजस्व परिचालन, बित्तिय व्यवस्थापन, बित्तिय जोखिमन्युनिकरण, सार्वजनिक सुनुवाई,	३५ लाख ९७ हजार	

	सामाजिक परिक्षण, आन्तरिक लेखापरिक्षण, बेरुजु फछ्यौट, सेवाप्रवाह, सुरक्षा, नागरिक सन्तुष्टि, समन्वय)		
५	आर्थिक विकास (कृषि, पर्यटन, उद्योग, बाणिज्य, सहकारी)	१ करोढ ५५लाख ८९हजार	
६	वडा गौरव र पहिचान	२ करोढ ५१ लाख ८२ हजार	
७	सामाजिक समावेशिकरण लक्षित वर्ग	५९ लाख ९५ हजार	
८	अन्य भौतिक पूर्वाधार, आर्थिक विकास एवं सामाजिक विकास कार्यक्रम	१ करोढ ४३ लाख ९० हजार	
९	मर्मत संभार	४७ लाख ९७ हजार	
१०.	समपुरक र विशेष अनुदान (संघिय र प्रदेश)	४करोढ १५ लाख	
११.	कन्टेनजेन्सी	५९ लाख ९६ हजार	
१२	चालु खर्च	५ करोढ ४४ लाख	
१३	कोभिड व्यवस्थापन	८० लाख	
१४	समपुरक योजनाको लागि लागत सहभागीता	२ करोढ ५० लाख	

माथी क्षेत्रगत रुपमा उल्लेखित बजेटलाई गाउँपालिकाबाट गौरब तथा पहिचान र वडाबाट सिफारिस भइआएका योजनाहरु र गाउँपालिकाबाट सबै वडामा सञ्चालन हुने साझा योजनाहरुको बिस्तृत बिबरण अनुसुचीमाउल्लेख गरिएको छ ।

सभाअध्यक्ष ज्यु

अन्तमा यस काठेखोला गाउँपालिकाको योजना तथा कार्यक्रमहरु २०७८/०७९ को सफल र सार्थक कार्यान्वयनको लागि सवैको सक्रिय सहयोग एवं भूमिकाको अपेक्षा गर्दछु । हाम्रा हरेक योजना तथा कार्यक्रमहरुलाई प्रतिफल संग जोड्न, हालको बिषम परिस्थितिमा रोजगार गुमाउनेहरुको संख्या बढ्दै गैरहेको अवस्थामा रोजगारीसंग जोड्न र जनसहभागीता बढाउन कार्यक्रम कार्यन्वयनका सबै चरणहरुमा अनुगमन तथा मुल्यांकनलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । यस कारण यि कार्यहरुमा सम्पुर्ण जनप्रतिनिधि, समस्त राष्ट्रसेवकहरु, राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु, सामाजिक अभियान्ताहरु, सहकारीकर्मीहरु, एवम आम काठेखोलाबासी जनसमुदायको सक्रिय र उत्साहजनक सहभागीता रहने छ भन्ने आशा गरेको छु ।

१० असार २०७८

धन्यबाद ।

अर्जुन बहादुर खत्री
(उपाध्यक्ष)
काठेखोला गाउँपालिका